घरेलु बिद्युतिय वस्तु रिसाइकल कानून अनुसार तोकिएका पुन: प्रयोग गर्न सकिने

## ● घरेलु बिद्युतिय वस्तु रिसाइकल कानून अनुसार तोकिएका सामानहरू

**टेलिभिजन (CRT, PDP, LC) रेफ्रिजिरेटर/ फ्रिजर/ एअर कण्डिसनर/ वासिङ मेसिन/ ड्राइङ मेसिन**

① नयाँ खरिद गरेर सामान फेर्न चाहनुहन्छ भने:
"नयाँ सामान खरिद गर्ने पसल" लाई तपाईंको पुरानो सामानलाई सङ्कलन गर्न भन्नुहोस्। (सङ्कलन गर्नु पसलहरूको दायित्व हो।)
② सामान खरिद गरेको पसल भएमा:
"तपाईंले सामान खरिद गरेको पसल" लाई सामान सङ्कलन गर्न भन्नुहोस्। (सङ्कलन गर्नु पसलहरूको दायित्व हो।)
③ सामान खरिद गरेको पसल नजिक नभएमा अथवा पसल अज्ञात भएमा:
नजिकको पसलमा सल्लाह गर्नुहोस्। (अनुरोध गरेमा केही पसलहरूले सङ्कलन गर्न सक्छन्।)
④ तपाईंले फोहोर सङ्कलन गर्ने पसल भेटाउन सक्नुभएन भने:
फुनाबासी नगरबाट अनुमति प्राप्त फोहोर बिसर्जनका व्यवसायी (साधारण फोहोर विसर्जन संघ) मा सङ्कलको लागि अनुरोध गर्नुहोस्।
⑤ सामान आफैले फोहोर सङ्कलन केन्द्रमा लिएर जाने अवस्थामा:
हुलाक कार्यालयमा बिद्युतिय सामान रिसाइकलिङ कुपन खरिद गर्नुहोस् र त्यो सामान "निर्माण गरेको कम्पनीद्वारा तोकिएको स्थान"मा लिएर जानुहोस्। (फाल्ने व्यक्तिले रिसाइकलको लागि आवश्यक शुल्क तिर्नुपर्नेछ।)

**निर्माण कम्पनीद्वारा तोकिएको सङ्कलक (फुनाबासी)**
**मारुजेन केइयो बाचुरियो कम्पनी लिमिटेड ४३ सिओमि-च्यो, फुनाबासी फोन: ०४७-४३१-४८८०**

नबुझेको कुरा भएमा घरेलु बिद्युतिय रिसाइकल कुपन केन्द्रमा सम्पर्क गर्नुहोस्। फोन: ०१२०-३१९६४०

## ● पर्सनल कम्प्युटर रिसाइकल प्रोग्राम अनुसारका सामानहरू

**डेस्क टप पर्सनल कम्प्युटर/ नोटबुक पर्सनल कम्प्युटर/ CRT डिस्प्ले/ LCD डिस्प्ले**

निर्माण कम्पनीको जानकारी शाखामा प्रत्यक्ष सम्पर्क गर्नुहोस्। (नोट: कुनै पनि घरमा प्रयोग गर्ने कम्प्युटर साधारण फोहोर विसर्जन संघद्वारा सङ्कलन गरिनेछैन।) विस्तृत जानकारीको लागि तल लेखिएको संघमा सम्पर्क गर्नुहोस्।
PC 3R प्रवर्धन केन्द्र फोन: ०३-५२८२-७६८५ https://www.pc3r.jp
※केही प्रकारका पर्सनल कम्प्युटर भने स-साना घरेलु बिद्युतिय सामानका लागि राखिएको रिसाइकलिङ सङ्कलन बक्समा हालेर फाल्न सकिनेछ।

## ● मोटरसाइकल

**काम नलाग्ने मोटरसाईकल सङ्कलन व्यवसायी वा मोटरसाइकल रिसाइकलिङ कल सेन्टरमा सम्पर्क गर्नुहोस्। फोन:०३-३५९८-८०७५**
**https://www.jarc.or.jp/motorcycle/**

नोट: मोटरबाइक (५० सि.सि भन्दा कम) कोलाई नगरले ठूला आकारका फोहोरको रूपमा सङ्कलन गर्नेछैन।

## ● इङ्क कार्टरिज (प्रिन्टरको लागि)

पसलमा हुने सङ्कलन बक्समा हाल्नुहोस्।

## ● मोबाइल फोन/ PHS

दायाँको चिन्ह भएको पसलमा नि:शुल्क PHS तथा मोबाइल फोन सङ्कलन गरिन्छ।
※यीनीहरूलाई स-साना घरेलु बिद्युतिय रिसाइकलिङ सङ्कलन बक्समा हालेर पनि फाल्न सकिन्छ।

## ● आगो निभाउने उपकरण (फायर एक्सटिनगुइसर)

अग्नी नियन्त्रणका सर-सामान बिक्री गर्ने पसल वा आगो निभाउने उपकरण (फायर एक्सटिनगुइसर) प्रवर्धन केन्द्रमा सम्पर्क गर्नुहोस्। फोन: ०३-५८२९-६७७३

## ● FRP बोट (डुँगा)

खरिद गरेको पसल वा FRP बोट (डुँगा) रिसाइकल सेन्टरमा सम्पर्क गर्नुहोस्।

# नगरले सङ्कलन गर्न नसक्ने फोहोरहरू

## ● ठूलो परिमाणमा निस्कने अस्थायी फोहोर

घर सर्दा वा सरसफाई गर्दा निस्किएको ठूलो परिमाणको फोहोरलाई फाल्न पाइदैन।

त्यस्ता फोहोरहरू आफैले, नाम्बु जलन केन्द्र (जलाउन सकिने फोहोर), होकुबु जलन केन्द्र (जलाउन सकिने फोहोर तथा ठूला आकारका फोहोर), अथवा निसिउरा रिसाइकल केन्द्र (जलाउन नसकिने फोहोर तथा ठूला आकारका फोहोर) मा लिएर जानुहोस्। अथवा फोहोर बिसर्जन अनुमती प्राप्त व्यवसयीलाई भन्नुहोस्। (सशूल्क)

## ●नगरद्वारा सङ्कलन गर्न नसक्ने फोहोरहरू

अग्नि प्रतिरोधात्मक सेफ / बाथ टब / पाङ्ग्रा / ब्याट्री / सर्फबोर्ड / सिमेन्ट ईँटा / ठूलो आकारको काठ / मोटर गाडीका पार्टस् / कार रुफ बक्स / बलिङ बल

बिक्री पसल वा उत्पादक कम्पनीसँग सल्लाह गर्ने अथवा सामान्य फोहोर सहकारी संस्थालाई आग्रह गर्नुहोस्।

स्प्रिङ भएको म्याट्रेस / सोलार वाटर हिटर / पियानो ओर्गान (बिद्युतिय पियानो/ ओर्गान पनि) / भत्काउनु भन्दा अगाडीको भवनको सर-सामानहरू (ठूला आकारका प्लास्टिकहरू) / अति कडा प्लास्टिकले बनेका खेलकुदका सामानहरू(जिम, यरोबिक्स आदि गर्दा लगाउने जुत्ता) / बम्पर/ काउल/ यरो पार्टस्(ABS पदार्थ वा PP बाट बनेका सामानहरू) / बिक्रेता पसल/ निर्माण कम्पनी वा तल उल्लेखित फोहोर बिसर्जन व्यवसायीलाई सम्पर्क गर्नुहोस्।

○फुनाबासी नगरबाट अनुमती प्राप्त साधारण फोहोर बिसर्जन व्यवसायी (नम्बर १००६)यामाउची कम्पनी कर्पोरेशन, फोन ०४७-४९०-५३३८

बिषालू रसायन / कृषी रसायन तथा ती भएका चीजहरू / बल्ने तेलहरू (पेट्रोल, बेन्जिन, थिनर) / मट्टीतेल / पेन्टस् / स-साना ग्यासका सिलिण्डरहरू

बिक्री पसल वा उत्पादक कम्पनीसँग सल्लाह गर्नुहोस्।

### घरायसी चिकित्सा फोहोर

धारिलो चिजहरू(सुई, सिरिन्ज, सुई भएको ट्युबहरू)→बलियो (हतपत प्वाल नपर्ने) भाँडोमा हाली, होम केयर चिकित्सक, होम केयर नर्स अथवा औषधि पसल आदिमा फिर्ता गर्नुहोस्।

रगत लागेको सलाइन, शरीरमा सलाइन पानी आदि पठाउने सामग्रीहरूको सेट, औषधिहरू→स्वास्थ्य संस्था अथवा औषधि पसलमा फिर्ता गर्नुहोस्।(सलाइन र शरीरमा सलाइन पानी आदि पठाउने सामग्रीहरूको सेट लिएर आउन पाउने वा नपाउने भन्ने कुरा पहिले नै स्वास्थ्य संस्था अथवा औषधि पसलमा निश्चय गर्नुहोस्।)

दन्त चिकित्सा फोहोर→दन्त चिकित्सा संस्था (डेन्टल क्लिनिक) मा फिर्ता गर्नुहोस्।

माथि उल्लिखित फोहोरहरू बाहेकका अन्य घरायसी चिकित्सा फोहोरहरूलाई फुनाबासी शहरको फोहोर वर्गीकरण अनुसार फाल्नको लागि निकाल्नुहोस्।

●व्यवसायबाट निस्कने फोहोर (अफिस फोहोर)

पसल, अफिस, रेष्टुराँ आदिबाट निस्कने फोहोर, उक्त व्यवसायी स्वयंले बिसर्जन गर्नुपर्ने नियम रहेको छ।

## ●सोधपुछ

सरसफाई प्रवर्धन शाखा ०४७-४३६-२४३४

■होकुबु जलन केन्द्र ठेगानाः १३५६, ओजिन्बो-च्यो फोनः ०४७-४५७-५३४१

समयः सोमवारदेखि शनिवारसम्म, बिहानको ९ बजेदेखी दिउँसोको १२ बजेसम्म।、दिउँसोको १ बजेदेखि बेलुकाको ५ बजेसम्म।

नाम्बु जलन केन्द्र ठेगानाः ३८ सिओमी-च्यो, फुनाबासी फोनः ०४७-४३७-५३००

समयः सोमवारदेखि शनिवारसम्म, बिहानको ९ बजेदेखी दिउँसोको १२ बजेसम्म।、दिउँसोको १ बजेदेखि बेलुकाको ५ बजेसम्म।

निसिउरा स्रोत रिसाइकलिङ सेन्टर ठेगानाः १-४-२ निसिउरा, फुनाबासी फोनः ०४७-४०१-९८११

समयः सोमवारदेखि शनिवारसम्म, बिहानको ९ बजेदेखी दिउँसोको १२ बजेसम्म।、दिउँसोको १ बजेदेखि बेलुकाको ५ बजेसम्म।

**नगरद्वारा सङ्कलन गर्न नसक्ने फोहोरका लागि निवेदन**

साधारण फोहोर विसर्जन संघ

**(फुनाबासी नगरबाट फोहोर विसर्जनको लागि अनुमति प्राप्त व्यवसायी) फोन:०४७-४४०-६६०१**

# घरेलु फोहोरहरू फाल्नको लागि निकाल्ने तरिका

फोहोर निकाल्ने तरिका वा सङ्कलन गरिने दिन थाहा नभएमा फुनाबासी सहर विदेशी नागरिकको लागि समग्र परामर्श काउन्टमा सम्पर्क गरी सोधपुछ गर्नुहोस्। (फोन: 050-3101-3495)



**बर्षको अन्तिम दिन तथा नयाँ बर्षको बिदाको दिन बाहेक अन्य राष्ट्रिय बिदाको दिनहरूमा घरेलु फोहोर सङ्कलन गरिन्छ।**

2023.2

## ① जलाउन सकिने फोहोरहरू

फोहोर सङ्कलन हुने इलाकालाई दुई भागमा बाँडिएको छः दिउँसोको सङ्कलन क्षेत्र र रात्रीको सङ्कलन क्षेत्र।

**हप्तामा दुई पटक** ☐ ☐

☐ दिउँसो सङ्कलन हुने क्षेत्र: ८:३० सम्ममा फोहोर निकालिसक्नुहोस्।

☐ राती फोहोर संकलन क्षेत्रमा १९:३० बजे सम्ममा

※माथिका बक्समा तपाइ बसाबास गर्ने ठाउँमा फोहोर सङ्कलन हुने समय (दिउँसो वा रात्री) मा✓ चिन्ह लगाउनुहोस्।
माथी उल्लेख गरिएको समयबाट फोहोर सङ्कलन कार्य सुरु हुन्छ। ट्राफिक व्यस्तताको कारण सङ्कलन समयमा परिवर्तन आउनसक्छ।

## ② जलाउन नसकिने फोहोर

**महिनामा १ पटक** ☐ ☐

बिहान ८:३० सम्ममा निकाल्नुहोस्।

## ③ पुन: प्रयोग गर्न सकिने फोहोर / PET बोतल

बिहान ८:३० सम्ममा निकाल्नुहोस्।

**हप्तामा १ पटक** ☐

खाली बोतल, खाली क्यान र प्रयोग भएको PET बोतलहरू एकै दिनमा सङ्कलन गरिन्छन्। तर यी छुट्टा छुट्टै (भाँडोमा) सङ्कलन गरिन्छन् भन्ने कुरा याद राख्नुहोस्।

## ④ पुन: प्रयोग गर्न सकिने फोहोर-२

**हप्तामा १ पटक** ☐

बिहान ८:३० सम्ममा निकाल्नुहोस्।

## ⑤ ठूला आकारका फोहोरहरू

**सशुल्क सेवा/टेलिफोन, फ्याक्स, इ-मेलद्वारा निवेदन दिनुहोस्।**

फोन: ०४७-४५७-४१५३




सङ्कलन स्थान
○ फुनाबासी नगर कार्यालय
○फुनाबासी स्टेसन अगाडिको साधारण सेवा केन्द्र
【 फेस बिल्डिङ 5F】
○ होकुबु जलन केन्द्र○सेइबु सामुदायिक केन्द्र
○ हामाच्यो पब्लिक हल○चुबोइ सामुदायिक केन्द्र
○ मियामोतो पब्लिक हल○याकिगाया सामुदायिक केन्द्र
○ तोबु पब्लिक हल○सिन-ताकाने सामुदायिक केन्द्र
○ मीता पब्लिक हल
○ याकुयनदाइ पब्लिक हल
○ होउतेन पब्लिक हल
○ काचुसिका पब्लिक हल
○ होकुबु पब्लिक हल
○ एबिगासाकु पब्लिक हल
○ ताकानेदाइ पब्लिक हल
○ नाचुमी पब्लिक हल
○ हिगासी पुस्तकालय
○ किता पुस्तकालय

**प्रयोग भइसकेका स-साना घरेलु बिद्युतिय सामानहरू पुनः प्रयोगको गर्ने तरिका।**

सङ्कलन गारने सामानहरू

